नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

☎ ०६५ { ५६०१३३ ५६०१०९ ५६२६१३

पत्र संख्याः- २०८०/८१
च. नं:- ११९३

मिति २०८०।०६।१०

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री जिल्लास्थित सरकारी कार्यालयहरु,
श्री जिल्लास्थि सुरक्षा निकायहरु,
श्री जिल्लास्थित स्थानीय तहहरु,
श्री जिल्लास्थित राजनीतिक दलहरु,
श्री दमौली अस्पताल, तनहुँ
श्री स्वास्थ्य कार्यालय, तनहुँ (आवश्यक कार्यार्थ जिल्ला भित्रका सरकारी तथा गैरसरकारी क्षेत्रका स्वास्थ्य संस्थाहरुमा पत्राचार गर्नुहुन)
श्री जिल्लास्थित सञ्चारकर्मीहरु,
श्री गैर सरकारी संघ-संस्थाहरु।

प्रस्तुत विषयमा मिति २०८०।०६।०९ गते जिल्ला समन्वय समिति तनहुँको सभाहलमा निर्वाचित जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, कार्यालय प्रमुख, उद्योग वाणिज्य संघ, जिल्लास्थित चिकित्सक तथा स्वास्थ्यकर्मी, विश्व स्वास्थ्य संगठन (WHO) का विशेषज्ञ चिकित्सक, गैर सरकारी संघ-संस्था तथा पत्रकारहरुको उपस्थितिमा बसेको वैठकको निर्णय पाना – १ कार्यान्वयनको लागि यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०८०।६।१०

..................
ऋषिराम सुवेदी
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तनहुँ

## मिति २०८०।०६।०९ को वैठकको निर्णय

१. यस जिल्लामा विशेष गरी सदरमुकाम दमौली बजार र आसपासका क्षेत्रमा डेंगुको प्रकोप फैलिइरहेको सन्दर्भमा यसलाई कसरी नियन्त्रण र रोकथाम गर्न सकिन्छ भन्ने विषयमा निर्वाचित जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, कार्यालय प्रमुख, उद्योग वाणिज्य संघ, जिल्लास्थित चिकित्सक तथा स्वास्थ्यकर्मी, विश्व स्वास्थ्य संगठन (WHO) का विशेषज्ञ चिकित्सक, गैर सरकारी संघ-संस्था तथा पत्रकारहरुको उपस्थितिमा विस्तृत रुपमा छलफल भयो।

२. डेंगुको प्रकोप नियन्त्रणका लागि सरकारी अस्पताल, स्वास्थ्य कार्यालय र व्यास नगरपालिकाको सहकार्यमा **"खोज र नष्ट गर"** भन्ने अभियान सञ्चालन गर्ने। यसका साथै यसको प्रकोप नियन्त्रणका लागि विभिन्न प्रकारका चेतनामूलक सन्देशहरु प्रवाह गर्ने, प्रभावित क्षेत्रका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, कर्मचारी, शिक्षक, विद्यार्थी, नागरिक अगुवा, टोल विकास संस्थाका प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह, क्लवहरु, वाल सञ्जाल लगायत संघ संस्थाहरुमार्फत व्यापक मात्रामा जनपरिचालन गरी लामखुट्टेको टोकाईबाट जोगिने उपायहरु अपनाउन जनसाधारणलाई सजग गराउने र लामखुट्टेको वासस्थान खोजी-खोजी नष्ट गर्ने।

३. अस्पतालहरुले डेंगु परिक्षणका लागि आवश्यक पर्ने किट लगायत जनशक्तिको उचित व्यवस्थापन गर्ने। मौज्दात जनशक्तिले अपूग हुने भएमा गण्डकी प्रदेश सरकार तथा नेपाल सरकारको स्वास्थ्य मन्त्रालयका साथै कम प्रभावित क्षेत्रका स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी व्यवस्थापन गर्ने।

४. निजी स्वास्थ्य संस्थाहरुले डेंगु परिक्षण र उपचार गर्दा व्यवसायिक नैतिकता (Professional Ethics) को ख्याल गर्ने।

५. डेंगुको प्रकोप बढीरहेको वर्तमान अवस्थामा निजी स्वास्थ्य संस्थाहरुबाट समेत परिक्षण तथा उपचार सम्बन्धी कार्यहरु भईरहेका छन। यसरी परिक्षण तथा उपचार सम्बन्धी कार्यहरु गर्दा व्यवसायिक नैतिकता (Professional Ethics) को पालना नगरेको भनी कतिपय स्वास्थ्य संस्थाको नाममा गुनासो आउने गरेको छ भने कतिपयले अस्वभाविक रुपबाट शुल्क लिने गरेको गुनासो आइरहेको हुँदा यस्ता कार्यहरु हुन नदिन स.प्र.जि.अ. श्री काशी राम गैरेको संयोजकत्वमा मे.सु. डा. परिवर्तन बराल, स्वास्थ्य कार्यालय प्रमुख श्री शंकरबाबु अधिकारी र व्यास नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख श्री प्रमोद सोती रहने गरी एक कार्यदल गठन गर्ने र सो कार्यदलले नियमित एवं आवश्यकता बमोजिम अनुगमन गरी सुधारात्मक कार्य गर्ने, गराउने।

६. डेंगुको प्रकोपबाट जोगिनका लागि जिल्लास्थित आम जनसमुदायलाई व्यक्तिगत सुरक्षाका उपायहरु अपनाउन आह्वान गर्ने।

२०८०-६-९

प्रमुख जिल्ला अधिकारी